# खानेपानी आयोजनाबाट सामाजिक-राजनीतिक भूमिकासम्मको यात्राक्रम




दनुवारनीले चुनाव जिती, के नै गर्ली ? अब दनुवारनीलाई मान सम्मान गर्नु पर्ने भयो ? जस्ता अनेक च्वास्स मनछुने भनाइ हाल पाँचखाल नगरपालिकाकी नगर उप प्रमुख लक्ष्मी दनुवारले शुरु शुरुमा धेरै पटक सुनेर पचाउनु भयो। आर्थिक अवस्था अत्यन्त न्यून रहेको साविक मेथिनकोट गा. वि. स वडा नम्बर ९ स्थित एक साधारण परिवारमा २०४४ सालको चैत महिनामा जन्मेकी लक्ष्मी दनुवारले बाल्यकालदेखी खानेपानीको लागि निकै संघर्ष भोग्नु परेको थियो । त्यतिबेला राति राति खाली भाँडा बोकेर, धेरै जोखिम पार गरेर कुवादेखी पानी ओसार्नु पर्थ्यो । परिवारको जेठी छोरी उनी, सानै भएपनि  सघाउने हेतुले आमा संगसंगै भाँडा बोकेर पानीओसार्न जान्थिन्। बाल्यकाल देखि किशोरवस्था सम्म त्यसरी पानी भर्ने क्रममा उनि जस्तै अनेक बालबालिकाको अनगिन्ति पटक पढाई छुट्यो। नछुटोस पनि कसरी, किनकि स्कूल पनि घर बाट झन्डै तीन किलोमिटर टाढा पर्थ्यो।

गाउँमा उच्च जीवनको लागी नभई नहुने पानीको जोहो गर्न त्यति धेरै संघर्ष गर्नुपरेको कारण ले हो कि उनलाई त्यति बेला देखि नै  पानीको सजिलो व्यवस्था गर्न केहि न केहि गर्नुपर्छ भन्ने भावना मन भित्रबाटै प्रस्फुटित भैसकेको थियो। पानीकै लागी उच्च वर्ग भनिने जनजातिले हरेक दिन जसो गर्ने अपमानयुक्त व्यवहार, भेदभाव र हरेक कुरामा  खुट्टा तान्ने छर छिमेक तथा इस्ट मित्रको व्यवहारले उहाँ जस्तै धेरै दनुवार जाति परिवारहरुको मन रुन्थ्यो। यद्यपि यी

कुराहरुलाई चुनौतीको रुपमा स्वीकारेर लक्ष्मीका बुवाआमाले आफु नपढे पनि अनेक दुख कष्ट सहेर लक्ष्मी, आफ्ना अरु दुई छोराहरु र कान्छी छोरी जो शारीरिक रुपले पूर्ण सक्षम छैनन्, सबैलाई उच्च शिक्षा प्रदान गर्नुभयो।

**जीवनयात्रा क्रमको महत्वपुर्ण मोडहरु**

स्नातक तह सम्म शिक्षा हासिल गर्नु भएकी र हाल स्नातकोत्तर गर्दै गरेकी लक्ष्मीले बान्ह कक्षा पढ्ने क्रममा ग्रामीण खानेपानी तथा सरसफाई कोषको आर्थिक सहयोग र शान्ति जन आदर्श सेवा केन्द्रको सामाजिक तथा प्राविधिक सहजीकरणमा त्यहाँका १८२ घरधुरीका १०६१ जनता लाई खानेपानी पुर्याउने उधेश्यले संचालित, मेथिनकोट वडा नम्बर ९ स्थित सेती देवी चरुवा खानेपानी तथा सरसफाई आयोजनाको उपभोक्ता समितिको एक सदस्यको रुपमा कार्य गर्ने अवसर प्राप्त गर्नु भयो जुन वहाँको जीवनमा सकारात्मक र महत्वपुर्ण मोड बन्न पुग्यो। किनकि खानेपानी आयोजनामा काम गर्ने क्रममा उहाँले कोष विकास समितिको रणनीति र कार्यक्रम अनुरुप, सहयोगी संस्था शान्ति जन आदर्श सेवा केन्द्र द्वारा दिइएको विभिन्न तालिम कार्यक्रमहरुमा सहभागी हुने मौका पाउनु भयो । साथै गाउँलेहरुलाई सचेतना अभिवृद्धि गर्ने काममा पनि प्रत्यक्ष रुपमा सहभागी हुने अवसर पाउनु भयो । यसले वहाँको आफ्नो क्षमता र आत्मविश्वासमा थप अभिवृद्धि गर्न महत्वपुर्ण भूमिका खेल्यो। सानै देखी पानीको लागि संघर्ष गर्नु परेको, र जातजाति, छुवाछुत को कारण पीडा भोग्नु परेको वहाँलाई कोष विकास समितीले संचालन गरेको आयोजनामा प्रत्यक्ष रुपमा सक्रिय सहभागी भएर पानीलाई सहज आपूर्ति गराउने कार्यमा लाग्न पाएकोमा धैरै खुसि लाग्यो । उहाँलाई म पनि यस क्षेत्रको एक सचेत नागरिक हुँ, म पनि खानेपानी कार्य समितिमा छु र मेरो पनि यस कार्य प्रति जिम्वेवारी र अपनत्व छ भन्ने महसुश हुन थाल्यो । "बच्चाहरुले समय मै स्कुल पढ्न जान पाएको , पानी ओसार्नु नपरेको देख्दा मलाइ साह्रै आनन्द महसुश हुन्थ्यो", वहाँ भन्नु हुन्छ। काम गर्दा गर्दै समाज सेवा नै सच्चा धर्म हो भन्ने विस्तारै महसुश हुन थाल्यो र सामाजिक विकास कार्यमा नै आफुलाई अघि बढाउने सोच बनाउनु भयो। एउटा महिलाको लागि सामाजिक सेवामा लाग्ने लक्ष्य लिएर जीवनमा अघि बढ्न सजिलो थिएन। उति बेला जनचेतनाको अभावको कारण गाउँ वासिन्दाहरुलाई सचेतना अभिवृद्धि गराउनपनि त्यति सजिलो थिएन, उल्टै उनीहरु लक्ष्मीलाई नै बढी जान्ने हुनुपर्ने भन्ने जनाऊँथे , जुन विस्तारै वहाँले धैर्य र कार्य लगनशीलताले गलत सावित गर्दै लानु भयो र आज तिनै कुरा काट्ने व्यक्तिहरु वहाँको प्रसंशा गर्दै बस्छन्। खानेपानी आयोजना पश्चात् वहाँले चाइल्ड डेवलप्मेंट सोसाइटी नामको गैर सरकारी संस्थामा काम गर्नुभयो। पानीको सुबिधा पुगिसकेकै कारण वडाका वासिन्दाहरुले अरु सामाजिक कार्यक्रममा सहभागी हुन सके। त्यसैले वहाँ थप्नु हुन्छ "जस्तो सुकै विकासको कार्यक्रम गाउँ गाउँमा पुर्याएपनि त्यसले कुनै प्रभाव पार्न सक्दैन यदि त्यहाँ पानीको सुविधा छैन भने, त्यसैले सबैभन्दा महत्वपुर्ण विकासको आयोजना भनेकै खानेपानी आपूर्तिसंग सम्वन्धित आयोजना हो ।"

विवाह अघि माइतीमा खानेपानीकोलागी चरम समस्या भोग्नु भएको वहाँले विवाहपछि पहिले भन्दापनि विकराल पानीको समस्या भोग्नु पर्यो। त्यहाँ पनि वहाँले धुलिखेल हस्पिटल, सामुदायिक सेवा र अरु संस्थाको सहयोगमा आफैले पहल गरेर २०७२ सालमा खानेपानी पुर्याउन नेतृत्वदायी भूमिका खेल्नु भयो। त्यतिखेर वहाँको छोरा धेरै सानो थियो तर पनि खानेपानी आयोजनाको उपभोक्ता समितिको जिम्वेवारी वहाँले सफलतापुर्वक निर्वाह गर्नु भएको थियो। सो खानेपानीआयोजना को नाम थियो कोल डाँडा खाम पुर् खानेपानी आयोजना।

नेपालको संविधानमा महिलालाई पनि स्थानीय सरकारी सेवामा भाग लिने अवसर प्रदान गरिएको छ। यो कुरा बुझेको, सामाजिक सेवामा मन बसेको लक्ष्मी दनुवार लाइ २०७४ सालको स्थानीय स्तरको चुनावमा भाग लिने इच्छा भयो। आफू पढेलेखेको, समाजको हितको लागी शुरु देखिनै गैरसरकारी संस्था संग जुटेर काम गरेको, विभिन्न अनुभव बटुलेको र आफु एक अल्पसंख्यक जनजातिलाई समेत प्रतिनिधित्व गर्नुको कारणले पनि वहाँलाई चुनावमा उठ्ने प्रोत्साहन मिल्यो। यो वहाँको जीवनको अर्को महत्वपुर्ण पडाव रह्यो त्यसमा उहाँको परिवार, घर समाजले पनि

सहयोग गर्यो।  पार्टीलेपनि वहाँलाई सक्षम र सहि ठानेर टिकट प्रदान गर्यो। चुनावमा उनको प्रतिद्वन्दीमा ब्राम्हण र अरु जातीका उम्मेद्वार भएपनि दनुवारलाई प्रतिनिधित्व गर्ने वहाँ मात्र हुनु हुन्थ्यो र राम्रै संग जित्नु भयो ।

**समन्वय पूर्ण  सहकार्यको नमुना**

स्थानीय तहमा  विभिन्न जिम्मेवारी वहन गर्ने  दौरानमा वहाँले  नगर प्रमुख  महेश खरेलबाट पनि निकै समन्वयात्मक सहयोग पाएको ब्यक्त गर्नुहुन्छ। परस्पर सहायोगकै कारण अहिले नगर विकासको लागि वहाँहरुले धेरै कार्यहरू गर्न सफल भएको र विशेष गरी महिलाहरुको शिक्षा, स्वास्थ्य , पोषण , केन्द्रित, त्यस्तै उनीहरुको  क्षमता अभिवृद्धि गर्ने खालको तालिम , व्यवसायमुलक क्रियाकलापहरु  नगरपालिकाको प्रत्यक्ष र अप्रत्यक्ष सहयोगमा धेरै मात्रामा ल्याएको वहाँ बताउनु हुन्छ।

गत वर्ष वाग्मती प्रदेश सरकारले  आफ्नो दोस्रो वार्षिकोत्सब कार्यक्रममा प्रदेशका ४५ वटा महानगर, उपमहानगर तथा नगरपालिका मध्ये वहाँ कार्यरत यस पाँचखाल नगरपालिकालाई उत्कृष्ट नगरपालिका ठहर गर्दै सम्मान गरेको थियो। आन्तरिक आय अत्यन्त कम भएको नगरबाट नगरवासीहरुलाई प्रदान गरेको सेवाको साथै विकास निर्माणको कार्यको मुल्यांकन गर्दै यस नगरपालिका लाई कदरपत्र द्वारा सम्मानित गरेको थियो ।

पाँचखाल नगरका छ हजार घरधुरी लाई खानेपानी पुर्याउने लक्ष्यका साथ हाल यो नगरपालिकाले  सुनकोशी-पाँचखाल बृहत् खानेपानी आयोजना  संचालन गरिरहेको छ। नेपाल सरकार, नगर विकास कोष, एशियाली विकास बैंक (एडिबी) र उपभोक्ताको २ अर्ब २१ करोड रुपैंया लागतमा परियोजना सम्पन्न हुने योजना छ । उप नगर प्रमुखमा निर्वाचित हुनु अघि देखि नै वहाँ यस बृहत खानेपानीआयोजनाको उपभोक्ता समितिमा सक्रिय सदस्यको रुपमा आवद्ध हुनुहुन्छ।  हाल कार्यान्वयनको चरणमा रहेको यो आयोजना नेपालमा सञ्चालित खानेपानी योजना मध्येबाट मात्र सबैभन्दा ठूलो नभई दक्षिण एशियाकै  खानेपानी आयोजना  मध्येको ठुलो परियोजना रहेको बताउनु हुन्छ नगर उपप्रमुख।

देश विकास कार्यमा महिला सहभागिता अपरिहार्य हुन्छ। महिला सक्रिय सहभागिता विना दिगो विकासको लक्ष्य हासिल गर्न सम्भव छैन।  हाम्रो मुलुक नेपालमा महिला नेतृत्वको सहभागिता पछिल्लो समयमा बढ्दै गएको पाउन सकिन्छ। समानुपातिक सहभागिता हुनैपर्छ भन्ने परिपाटी बस्दैगएको कारणले गर्दा पनि  यस किसिमको सहभागिता क्रमश : बढ्दै गएको पाउन सकिन्छ। नेपाल सरकार द्वारा सुचिकृत आदिवासी जनजाति मध्ये अति सिमान्तकृत अल्पसंख्यक आदिवासी जनजाति समुहमा पर्ने दनुवार जातिकी एक महिला लक्ष्मी दनुवारको खानेपानी आयोजनामा काम गर्दाको यात्रा देखि हाल पाँचखाल नगरपालीकाको उपमेयरको पद सम्हाल्दा सम्मको माथि उल्लेखित  जीवन यात्रालेपनि यो कुरा प्रकाश पार्न सहयोग गर्दछ । त्यति मात्र नभई  भविष्यमा महिलाद्वारा अझ धेरै सकारात्मक परिवर्तनको आशा राख्न सकिने वातावरण प्रदान गर्दछ । यो सकारात्मक संकेत हो तर पनि महिलाको अवस्थालाई उकास्न, उनीहरुलाई आर्थिक,  सामाजीक रुपमा सबल एवं सशक्त बनाउन राज्यस्तर बाट मात्र नभई हरेक क्षेत्र बाट अझ धेरै कामहरु  गर्न बाँकी छन् ।

लक्ष्मी दनुवारलाइ  २०५९ साल देखि नै पारख गरेर सामाजिक सेवामा प्रोत्साहन प्रदान गर्नु हुने शान्ति जन आदर्श सेवा केन्द्रका अध्यक्ष शंख बुद्ध लामा भन्नु हुन्छ " मैले वहाँलाई शुरु देखीनै मेहनती, जुझारू र समाजका  लागी केहि गर्नु पर्छ भन्ने उर्जा भएको  पाएँ र सो अनुरुप वहाँले आफुलाई सावित गर्दै लानु भएको छ । मलाई लाग्छ उनीबाट धेरै राम्रा विकासका कामहरुको आशा गर्न सकिन्छ।"

हुन पनि कम उमेरमा सफलता हासिल गर्नुभएको पाँचखाल नगरपालिका, काभ्रेको उप नगर प्रमुख लक्ष्मी दनुवार निसन्देह सबैको लागी  प्रेरणाको श्रोत र साथसाथै प्रसंशाको पात्र हुनुहुन्छ ।

संगिता गिरी दास, जीविका विज्ञ , ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति